# प्रदेश सरकार, लुम्बिनी प्रदेश, मन्त्रिपरिषद्को निर्णय

**२०७८ साल असोज २२ गते शुक्रवार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश सरकारका मन्त्रालयहरुको संगठन संरचना र दरबन्दी स्वीकृत गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश पूर्वाधार विकास प्राधिकरणको पूर्वाधारविद्को रुपमा ध्रुव मजगैया (दाङ) र प्रमुख कार्यकारी अधिकृतको रुपमा अनन्तराज घिमिरे (दाङ) लाई नियुक्त गर्ने ।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः** प्रदेश प्रशिक्षण परिषद्मा मनोनित विषय विज्ञ सदस्य श्री भुवनेश्वर लामिछाने र श्री श्याम कुमार आचार्यको मनोनयन फिर्ता लिई रिक्त पदमा श्री रामु जोशीलाई मनोनयन गर्ने ।

४. **शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालयः** साविक शिक्षा तथा सामाजिक विकास मन्त्रालय अन्तर्गतको सामाजिक विकास महाशाखाको जिन्सी, श्रेस्ता र सामग्री कानून, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयमा र श्रम तथा रोजगार शाखाको जिन्सी श्रेस्ता र सामग्री श्रम,रोजगार तथा यातायात व्यवस्था मन्त्रालयमा हस्तान्तरण गर्ने तथा साविक सामाजिक विकास मन्त्रालय/शिक्षा तथा सामाजिक विकास मन्त्रालयका जिन्सी श्रेस्ता र सामग्री शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालयमा हस्तान्तरण गर्ने ।